नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## आ.व. २०८०/८१ को प्रथम त्रैमासिक प्रतिवेदन




२०८०।०७।०१

...सरकार
गृह मन्त्रालय
...प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

# आ.ब. २०८०/०८१ को पहिलो त्रैमासिकमा सम्पादित मुख्य कार्य र सोको प्रगति विवरण

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला –१०४३, पुरुष-९४९, जम्मा -१९९२ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला –८३४, पुरुष-१११६, जम्मा -१९५० |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संवोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन | ३९६ |
| ५ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | २०० |
| ६ | E-passport (Enrolment) | महिला-२१६४ , पुरुष-३१९५, नाबालक-१२८, जम्मा –५४८७ |
| ७ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला – २०६४, पुरुष-३०३९, जम्मा -५१०३ |
| ८ | विपदवाट प्रभावित घरको संख्या | १ |
| ९ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | २,००,०००/- |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | २० |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | १५१ |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | २ |
| १३ | संस्थाको विधान संशोधन | २ |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | राहदानी : २,८८,८५,०००/-<br>संस्था दर्ता/नविकरण : ८८,०००/-<br>प्रशासनीक दण्ड जरिवाना : २,८६,५७०/-<br>अन्य प्रशासनिक सेवा शुल्क : ३१,५००/-<br>परिक्षा शुल्क : ०<br>जम्मा: २,९२,९१,०७०/- |
| १५ | • मुद्दा दर्ता<br>• मुद्दा फछौंट संख्या | ६७ (नयाँ २१, अल्या ४६)<br>३६ (नयाँ १५, पुरानो २१) |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | १ |
| १७ | ठाडो उजुरी सख्या | ७५ |
| १८ | नाबालक परिचय पत्र वितरण | १६२ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | २९५ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | १६१ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | २५४ |
| २३ | चालचलन प्रमाणित | ११ |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | २ |
| २५ | सुरक्षा समितिको बैठक | ८ |
| २६ | कसूरजन्य सम्पत्ति व्यवस्थापन जिल्ला स्तरीय समिति | १ |
| २९ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या | १ |
| ३० | राजनीतिक दलसँग समन्वय बैठक | १ |
| ३१ | कार्यालय प्रमुखको बैठक | ३ |
| ३२ | विविध बैठक | ७ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

## १. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :

यो जिल्ला चितवन, पाल्पा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) संग जोडिएको छ । अपराधिक दृष्टिकोणले बढी संवेदनशिल त देखिदैन तथापी महेन्द्र राजमार्गको ७० कि.मि. यसैमा पर्ने हुनाले सडक दुर्घटना, लागु औषध ओसारपसार तथा दर्व्यसनी, प्राकृतिक स्रोत साधनको दोहन, चोरी निकासी पैठारीका विषयमा संवेदनशिल नै देखिन्छ । हालको अवस्था सामान्य रहेको छ ।

<u>शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका सम्बन्धमा भएका कार्यहरु :</u>

- Crime Map सहितको *एकीकृत रणनीतिक योजना, २०८०* अद्यावधिक गरी कार्यान्वयन भएको
- *एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०८०* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *दशैं, तिहार, छठ लगायतका चाडपर्व लक्षित संयुक्त सुरक्षा योजना, २०८०* तर्जुमा गरी कार्यान्वयन भएको ।
- जिल्ला सुरक्षा समितिको बैठक – ८ पटक
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम *राजमार्ग सुरक्षा कार्ययोजना, २०८०* तयार गरी कार्यान्वयन भएको ।
- सुरक्षा निकायको निरीक्षण - २ पटक
- दैनिक रुपमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन)

## २. सुशासन र सेवा प्रवाह

- **२०८०/८१ प्रथम त्रैमासिकसम्म सम्पन्न बैठक :**
    - जिल्ला सुरक्षा समितिको बैठक : ८ पटक
    - जिल्ला विपद व्यवस्थापन समितिको बैठक : १ पटक
    - कार्यालय प्रमुखको बैठकको निर्णय : ३ पटक
    - सूचना अधिकारीको बैठक : १ पटक
    - कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठकः १ पटक
    - राजनीतिक दलसंगको समन्वय बैठक -१
    - राजस्व चुवावट नियन्त्रण समितिको बैठक -२
    - स्टाफ बैठक - ३

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

- सेवा प्रवाह सरल र सहज बनाउनको लागि यस कार्यालयको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
    - यस कार्यालयका अधिकृत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्य गर्ने गरिएको ।
    - मासिक रुपमा कार्यालय प्रमुखको नियमित बैठक बस्ने गरेको । सूचना अधिकारीको बैठक प्रत्येक ३/३ महिनामा बस्ने भएको । स्वतः प्रकाशन (proactive disclosure) समयमा नै प्रकाशित गर्ने गराउने गरिएको । प्रत्येक महिनामा मासिक प्रतिवेदन प्रकाशन गर्ने/गरिएको।
- **राजश्व चुहावट अनुगमन तथा नियन्त्रण**
  जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बस्ने गरेको ।
- **सरकारी कार्यालय निरीक्षण : ३ पटक**
- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन :-** संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका ६ वटा संघ सस्थाको अनुगमन भएको ।
- **बजार अनुगमन : ६ पटक**

## ३. लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित गरी २२ पटक सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : २ पटक
- लागू औषधको कारोबार, उपयोग तथा ओसारपसार नियन्त्रणको लागि निरीक्षण तथा अनुगमन नियमित रुपमा गर्ने गरेको ।

## ४. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन :

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८० र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- DEOC र LEOC चलायमान बनाउन समन्वय बैठक सञ्चालन- १ पटक
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -१ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।

प्रमुख जिल्ला अधिकारी

- **<u>राहत वितरण :</u>** विनयी त्रिवेणी गाउँपालिका वडा नं. ४ निवासी वर्ष ५७ को छवे सारुको मिति २०८०।०३।०६ गते चटयाङ्गमा परी मृत्यु भएकोले निजको पत्नि कुवारी सारुको मिति २०८०।०४।३२ को निवेदनसाथ संलग्न कागजातको आधारमा विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौ संशोधन) मापदण्ड २०७७ को दफा २ (क) बमोजिम दुई लाख रुपैया राहत रकम मृतककी पत्नी कुवारी सारुलाई उपलव्ध गराइएको ।
- मिति २०८० आश्विन २५ गते सडक दुर्घटना उद्दार संयुक्त अभ्यास गरिएको ।

## मुआब्जा वितरण तथा विकास सहजीकरण :

- मिति २०८०।१०।१० मा नेपाल बिद्युत प्राधिकरण, हेटौंडा- भरतपुर-बर्दघाट २२० के.भि. प्रशारण लाईन आयोजनाको भरतपुर-बर्दघाट खण्डको सुनटाँडी-२, दुम्कीबास क्षेत्रको मार्गाधिकार (Right of Way) मा पर्ने बालीनाली तथा बोट बिरुवाको क्षतिपूर्ति रकम निर्धारण गर्न क्षतिपूर्ति निर्धारण समितिको बैठक बसी क्षतिपूर्ति रकम निर्धारण गरिएको ।
- मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए नेपाल) अन्तर्गत कार्यान्वयन भैरहेको डबल सर्किट ४०० के.भि. क्षमताको विद्युत प्रसारण आयोजनाको नयाँ बुट्वल देखि नयाँ दमौली खण्ड अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिकामा पर्ने टावरहरुको जग निर्माण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्ने सम्बन्धमा मिति २०८० श्रावण १८ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम गठित समितिको बैठक सम्पन्न भएको ।
- हेटौंडा- भरतपुर-बर्दघाट २२० के.भि. प्रशारण लाईन आयोजनाको दुम्किवास क्षेत्रमा प्रशारण लाईन तान्ने क्रममा स्थानीयबाट भएको अवरोध हटाउन भरपर्दो शान्ति सुरक्षा व्यवस्थाका साथै सम्बन्धित पक्षसँग छलफल गरी कार्य सम्पन्न गर्न सहजीकरण गरिएको ।
- नारायणघाट-बुटवल सडक, पूर्वी खण्डको सडक निर्माण कार्यलाई तिब्रता दिन अनुगमन, प्रगति समीक्षा बैठक गरिएको । नजिकिंदै गरेको दशैं तिहार र छठ लगायतका चाडपर्वको समयमा सवारी आवगमनलाई सहज, सुरक्षित र भरपर्दो बनाउन वर्षातको कारण क्षति पुगेको यस जिल्लाभित्रका राजमार्ग/ सडकका खाल्डा पुर्ने, मर्मत संभार कार्य गर्न निर्देशन दिइएको । साथै उक्त सडक आयोजना निर्माणको क्रममा प्राप्त गुनासो संवोधनका लागि सहजीकरण गरेको ।
- होङसी सिमेन्ट प्रा. लि. मा चुनढुंगा ढुवानीमा देखिएको अवरोध हटाउन सम्वन्धित पक्षहरुसंग पटक-पटक छलफल र वार्ता गरी समस्या समाधान गर्न सहजिकरण गरिएको ।

प्रमुख जिल्ला अधिकारी